

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ १२ गते शुक्रबार ❑ 26 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गठबन्धनका ३ उमेदवार राष्ट्रिय सभा सदस्यमा निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

गण्डकी प्रदेशमा विहिबार सम्पन्न भएको राष्ट्रियसभा सदस्य निर्वाचनबाट गठबन्धनका ३ जना उम्मेदवार नै राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएका छन् ।

निर्वाचित हुने सदस्यहरुमा अपांगता र अल्पसंख्यकमा क्लष्टरमा कांग्रेसका पदमबहादुर परियार (तनहुँ) निर्वाचित भए । उनले ३ हजार ७ सय ७४ मतभार प्राप्त गरे । उनले स्थानीय तहतर्फ १ सय १ र प्रदेशसभातर्फ ३५ जनाले मत गरेका छन् । निकटतम् प्रतिस्पर्धी नेकपा एमालेका हेमचन्द्र शेरचनले २ हजार ४ सय ५८ मतभार पाए । उनलाई स्थानीय तहतर्फ ६८ जना र प्रदेशतर्फ २२ जनाले मतदान गरेका थिए । अपाङ्गता कोटामा ३ मत बदर भएको छ ।

त्यस्तै अन्य क्लस्टरमा नेपाली कांग्रेसका किरणबाबु श्रेष्ठ (गोरखा) निर्वाचित भएका छन् । उनले ३ हजार ८ सय ८ मतभार प्राप्त गरी निर्वाचित भएका हुन् । श्रेष्ठलाई स्थानीय तहतर्फ १ सय र प्रदेशसभा तर्फ ३६ जनाले मत दिएका थिए ।



उनका निकटतम् प्रतिस्पर्धी नेकपा एमालेका चक्रबहादुर पराजुलीले २ हजार ४ सय ७७ मतभार प्राप्त गरे । उनलाई स्थानीय तहतर्फ ६९ जना र प्रदेशतर्फ २२ जनाले मतदान गरेका थिए । राप्रपाका रोमबहादुर भण्डारीले १ सय ६ मत ल्याए । महिला क्लष्टरमा माओवादी केन्द्रकी मनरुपा शर्मा (पर्वत) निर्वाचित भएकी छन् । उनले ३ हजार ६ सय ६० मतभार पाएर पाँचौं प्रयासमा सांसद बन्ने सौभाग्य पाएकी हुन् । सहिदपत्नी शर्माले स्थानीय तहतर्फ ९५ र प्रदेशसभा तर्फ ३५ मत प्राप्त गरिन् । निकटतम् प्रतिस्पर्धी एमालेकी सम्भना देवकोटाले २ हजार ५ सय ५३ मतभार पाएकी छन् । उनले स्थानीय तहतर्फ ७३ र प्रदेशतर्फ २२ जनाले मतदान गरेका छन् । स्थानीय तहतर्फ गठबन्धनका ५ जना मतदाताले विपक्षीलाई मतदान गरे । स्थानीय तहमा १ भोट र प्रदेशतर्फ पनि १ भोट बदर भएको थियो । राप्रपाका उम्मेदवारले स्थानीय तहबाट कुनै पनि मत पाएनन् । प्रदेश सभाका २ सांसदले राप्रपा उम्मेदवार गौमाया श्रेष्ठलाई मतदान गरे । बिहान ९ देखि ३ बजेसम्म भएको मतदानमा २२९ जनाले मत खसालेका हुन् । कुल २३० मतदातामध्ये इमेज सहकारी ठगी अभियोगमा फरार बागलुङ ढोरपाटनका मेयर देवकुमार नेपाली अनुपस्थित भए । मुख्य निर्वाचन अधिकृत ऋषिराम आचार्यले मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको बताए । प्रदेशसभातर्फ एमाले सांसद भीम कार्की र पालिकातर्फ पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पहिलो मतदान गरे । मतदानका लागि २ वटा मतदान केन्द्र तोकिएको थियो । तीमध्ये एउटा केन्द्रमा ९ जना खटिएका थिए । गण्डकीको ६० सदस्यीय प्रदेश सभा (सदस्य) बाट ६० तथा प्रदेशका ८५ पालिकाका (प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष) गरी १ सय ७० जना मतदाता हुन् । गण्डकीमा १ महानगरपालिका (पोखरा) सहित २६ नगरपालिका र ५८ गाउँपालिका छन् । निर्वाचन आयोगले प्रदेश सभाको सांसदको मतभार ५३ र पालिकातर्फ मतभार १९ तोकेकोमा गण्डकीमा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## राष्ट्रियसभा निर्वाचनमा ९९ प्रतिशत मतदान

**रासस**
काठमाडौं, ११ माघ

राष्ट्रियसभाको १९ सदस्यका लागि बिहीबार भएको निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ ।

पूर्वनिर्धारित कार्यतालिकाअनुसार बिहान ९ देखि दिउँसो ३ बजेसम्ममा निर्वाचन सम्पन्न भएको हो । साातै प्रदेशमा मतगणना सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा प्रारम्भ भएको र आजै निर्वाचनको परिणाम घोषणा गर्ने कार्यक्रम रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।सातै प्रदेशमा गरी प्रदेशसभाका सदस्यतर्फ पाँच सय ४९ मतदाता रहेकामा पाँच सय ४६ ले मतदान गरी ९९ दशमलव ४५ प्रतिशत तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ एक हजार चार सय ९७ मतदाता रहेकामा एक हजार चार सय ८६ ले मतदान गरी ९९ दशमलव २७ प्रतिशत मतदान भएको छ । यसरी सबै प्रदेशतर्फ कूल मतदाता २०४६ मा दुई हजार ३२ ले मतदान गरेकाले ९९ दशमलव ३२ प्रतिशत मतदान भएको छ ।

आयोगका अनुसार कोशी प्रदेशमा निर्वाचक मण्डलका सदस्यमध्ये प्रदेशसभाका सदस्यतर्फ ९३ मतदाता रहेकामा सबैले मतदान गरी शतप्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ दुई सय ७३ मतदाता रहेकामा दुई सय ७१ ले मतदान गरी ९९ दशमलव २७ प्रतिशत मतदान भएको छ । दुवै तहमा गरी कोशी प्रदेशतर्फ कूल मतदाता तीन सय ६६ मा तीन सय ६४ ले मतदान गरेकाले ९९ दशमलव ४५ प्रतिशत मतदान भएको छ ।

मधेस प्रदेशमा प्रदेशसभाका सदस्यतर्फ एक सय सातजना मतदाता रहेकामा एक सय ६ ले मतदान गरी ९९ दशमलव शून्य सात प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ दुई सय ६७ मतदाता रहेकामा सबैले मतदान गरी शतप्रतिशत मतदान भएको छ । यसरी मधेस प्रदेशतर्फ कूल मतदाता तीन सय ७४ मा तीन सय ७३ ले मतदान गरेकाले ९९ दशमलव ७३ प्रतिशत मतदान भएको छ । बागमती प्रदेशमा प्रदेशसभाका सदस्यतर्फ एक सय १० मतदाता रहेकामा एक सय आठले मतदान गरी ९८ दशमलव १८ प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ दुई सय ३७ मतदाता रहेकामा तीन सय ३४ ले मतदान गरी ९८ दशमलव ७३ प्रतिशत मतदान भएको छ । यसरी बागमती प्रदेशतर्फ कूल मतदाता तीन सय ४७ मा तीन सय ४२ ले मतदान गरेकाले ९८ दशमलव ५६ प्रतिशत मतदान भएको छ । गण्डकी प्रदेशमा प्रदेशसभाका सदस्यतर्फ ६० मतदाता रहेकोमा सबैले मतदान गरी शत प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ १७० मतदाता रहेकोमा १६९ ले मतदान गरी ९९ दशमलव ४१ प्रतिशत मतदान भएको छ । यसरी गण्डकी प्रदेशतर्फ कूल मतदाता २३० मा २२९ ले मतदान गरेकोले ९९ दशमलव ५७ प्रतिशत मतदान भएको छ । लुम्बिनी प्रदेशमा प्रदेश सभाका सदस्यतर्फ ८७ जना मतदाता रहेकोमा सबैले मतदान गरी शत प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ २१८ मतदाता रहेकोमा २१६ ले मतदान गरी ९९ दशमलव शुन्य आठ प्रतिशत मतदान भएको छ ।

यसरी लुम्बिनी प्रदेशतर्फ कूल मतदाता ३०५ मा ३०३ ले मतदान गरेकोले ९९ दशमलव ३४ प्रतिशत मतदान भएको छ । कर्णाली प्रदेशमा प्रदेशसभाका सदस्यतर्फ ४० मतदाता रहेकोमा सबैले मतदान गरी शत प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ १५६ मतदाता रहेकोमा सबैले मतदान गरी शत प्रतिशत मतदान भएको छ ।

यसरी कर्णाली प्रदेशतर्फ कूल मतदाता १९६ मा सबैले मतदान गरेकोले शत प्रतिशत मतदान भएको छ । सुदुरपश्चिम प्रदेशमा प्रदेश सभाका सदस्यतर्फ ५२ मतदाता रहेकोमा सबैले मतदान गरी शत प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ १७६ मतदाता रहेकोमा १७३ ले मतदान गरी ९८ दशमलव ३० प्रतिशत मतदान भएको छ । यसरी सुदुरपश्चिम प्रदेशतर्फ कूल मतदाता २२८ मा २२२५ ले मतदान गरेकोले ९८ दशमलव ६८ प्रतिशत मतदान भएको छ ।

## पर्यटन प्रवर्द्धनका लागि मानहुँदेखि पुलिमराङसम्म म्याराथन हुने

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ माघ

'विविधतायुक्त गाउँ सहर, समृद्ध मेरो व्यास नगर' भन्ने मूल नाराका साथ पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले तनहुँमा सातौं व्यास नगर अल्ट्रा म्याराथन हुने भएको छ ।

व्यास नगरपालिकाको आयोजनामा यही माघ १६ गते शहीद दिवसका अवसरमा म्याराथनप्रतियोगिताकोआयोजना गरिएको हो ।

व्यास-५ को पर्यटकीयस्थल मानहुँकोटदेखि व्यास-८ को शहीदग्राम पुलिमराङसम्म म्याराथान आयोजना गरिएको व्यासनगर खेलकुद समितिका सदस्यसचिव नवीन पराजुलीले जानकारी दिनुभयो । उहाँका अनुसार कूल ४४ किलोमिटरमा दौडप्रतियोगिताहुनेछानगरपालिकाले विगत छ वर्षदेखि यस म्याराथनलाई निरन्तरता दिँदै आएको छ । मानहुँकोटदेखि सिद्धमार्ग हुँदै अलैंचे, चापाघाट, पृथ्वीराजमार्गबाट दुर्गा मन्दिर, अनशन चौचारी, सफासडक, भोर्लेटारचोक, व्यासमार्ग हुँदै बैरेनी कुमालटारी, दुम्सी खहरे, कलेस्ती, बोटेटार, पाथ्रा, सत्रसय, कालिका मार्गबाट बानियाँ डिही, बर्लाछी, सोतीबैंसी, बगुवा रिस्ती, बाहुनपोखरा, गाडापानी हुँदै पुलिमराङमा पुगेर टुङ्गिनेछ ।

उक्त प्रतियोगितामा विजयी हुने धावकले प्रथम पुरस्कार रु ८५ हजार ८०, द्वितीय पुरस्कार रु ६५ हजार ८० र तृतीय हुनेले रु ५५ हजार ८० का साथमा प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । सान्त्वना पुरस्कार पाँचजनालाई रु १६ हजार ८० का दरले प्रदान गरिने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिनुभयो । खेलकूदका माध्यमबाट पर्यटन क्षेत्रलाई प्रचारप्रसार गर्दै पर्यटकको चहलपहलमा वृद्धि गर्ने लक्ष्यअनुरुप प्रतियोगितालाई निरन्तरता दिइएको नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो ।







# मच्छिन्द्रलाई पराजित गर्दै जाउलाखेल आहा रारा पोखरा गोल्ड कपको क्वाटरफाइलनमा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

मच्छिन्द्र क्लवलाई पराजित गर्दै जाउलाखेल युथ क्लव पोखरामा जारी २३ औं आहा रारा पोखरा गोल्ड कपको क्वाटरफाइलनमा प्रबेश गरेको छ । पोखरा रंगशालाको फुटबल मैदानमा विहिबार भएको तेस्रो प्रिक्वार्टरफाइनलमा जावलाखेलले मच्छिन्द्रलाई १-० गोल अन्तरले पराजित गरी अन्तिम आठमा यात्रा बनाएको हो ।

खेलको ३८ औं मिनेटमा जावलाखेलका हिसुब थपलियाले निणार्यक गोल गरे । विपक्षी टिमका एक डिफेण्डर सहित गोलरक्षक विशाल श्रेष्ठ अगाडि बढेको अवस्थामा उनलाई बिट गर्दै हिसुबले उत्कृष्ट गोल गरे । जावलाखेलले माघ १५ गते मनाङ मर्स्याङ्दी सगँ सेमिफाइनल यात्राको लागि भिड्ने भएको छ । खेलमा थपलिया म्यान अफ दी म्याच घोषित भए । मच्छिन्द्रले पाएका केही अवसर सदुपयोग गर्न नसकदा अन्ततः आहा रारा पोखरामा उपाधि चुम्ने सपना यसपाली पनि अधुरै रह्यो ।



शुक्रबार अन्तिम प्रिक्वार्टरफाइनल खेलमा विभागीय टिम शसस्त्र प्रहरी वलको एपीएफ क्लव र चर्चब्वाइज बीच हुने भएको छ ।

# पोखरामा प्रथम पुन हिल कप खुल्ला क्लब स्तरीय भलिबल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

पोखरामा प्रथम पुन हिल कप खुल्ला क्लब स्तरीय भलिबल प्रतियोगिता हुने भएको छ । पुन समाज नेपालको आयोजनामा यही माघ १५ देखि १९ गतेसम्म पोखरामा प्रथम पुन हिल कप खुल्ला क्लब स्तरीय पुरुष/महिला/प्रौढ/भलिबल प्रतियोगिता आयोजना गर्ने भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

बिशेष गरी तीन इभेण्टमा हुने भलिवल प्रतियोगिता अर्न्तगत खुल्ला क्लब स्तरीय पुरुष भलिबल तर्फको विजेताले नगद १ लाख ११ हजार १ सय ११ र उपविजेताले नगद ५५ हजार ५ सय ५५ रुपैया साथमा कप, मेडल र प्रमाणपत्र प्राप्त गर्ने भएको समाजका महासचिव खिमन शेरपुजा पुनले बताउनु भयो । त्यसै गरी खुल्ला क्लबस्तरीय महिला प्रतियोगिताको विजेताले ६६ हजार ६ सय ६६ उपविजेताले ३३ हजार ३ सय ३३ रुपैयाँको साथमा कप, मेडल र प्रमाणपत्र प्राप्त गर्ने भएका छन्। प्रतियोगिता पुन समाज नेपाल पोखराको रामघाटमा सञ्चालन हुनेछ। त्यस्तै ४० वर्ष माथिको प्रौढ भलिबल प्रतियोगिताको विजेताले ३३ हजार ३ सय ३३ र उपविजेताले २० हजार रुपैयाँको साथमा कप, मेडल प्रमाणपत्र प्राप्त गर्नेछन् । टिम सहभागिता जनाउन पुरुष तर्फ ८ हजार, महिला तर्फ ६ हजार र प्रौढ तर्फ ५ हजार रुपैयाँ शुल्क निर्धारण गरिएको प्रतियोगिताका संयोजक खेमबहादुर पुनले बताउनु भयो । प्रतियोगितामा पुरुष तर्फ भने २० टिमको अपेक्षा गरिएको उहाँले जनाउनु भयो । टिममा प्रदेश तथा राष्ट्रिय स्तरका खेलाडी समावेश गर्न प्रतिवन्ध गरिएको छ । पुन समाज नेपालको स्थापन दिवसको अवसरमा विभिन्न खेलगतिविधि गरिएको समाजले जनाएको छ । पुन समाज नेपाल २०६३ माघ १५ गते स्थापना भई पुनः समुदायको हकहितमा समाजले काम गर्दै आएको छ । यही माघ २० गते पुन समाज नेपालको १८ औं राष्ट्रिय सम्मेलन पुन समाज पोखरामा हुने भएको हो ।



# वैदेशिक रोजगार मञ्च लाहाचोकद्वारा सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

वैदेशिक रोजगार मञ्च लाहाचोकको विशेष पहलमा विद्यार्थीदेखि, विभिन्न दुर्घटनाका घाइते र मुटु रोगीलाई एकैसाथ सहयोग हस्तान्तरण गरिएको छ ।

मञ्चका सभापति राजु क्षत्री अपुरोको संयोजनमा गठित विभिन्न संयोजकको व्यवस्थापनमा क्रियाशील पदाधिकारीले उक्त सहयोग हस्तान्तरण गरेका हुन ।

मञ्चका कोषाध्यक्ष लबि क्षत्रीको संयोजकत्वको समूहले भुर्जुङखोला निवासी मुटुरोग पीडित मिनादेवी रिमालको उपचारका लागि ५० हजार सहयोग हस्तान्तरण गरेको छ । मञ्चका सदस्य क्यामबहादुर घतानेको संयोजकत्वमा क्रियाशील पदाधिकारीले लाहाचोकको जनकल्याण आधारभूत विद्यालय जोगीचौरका २९ जना विद्यार्थीलाई स्वेटर, टोपी, पञ्जा र मोजासहितका न्यानो कपडा वितरण गरेको छ । सहयोग हस्तान्तरण समारोहकी प्रमुख अतिथि कार्यपालिका सदस्य श्रीदेवी विकले मञ्चको सहयोगले विद्यार्थी, विद्यालय र अभिभावकलाई थप प्रोत्साहन मिल्ने बताइन् । उक्त कार्यक्रमका लागि चन्द्रमोहन (अर्बिन) पौडेल, क्यामबहादुर घताने, पूर्णबहादुर शाही नर्वे, बिष्णुहरि अधिकारीले आर्थिक सहयोग गरेका थिए । यसैगरी महेन्द्र मा.वि. लाहाचोकका विद्यार्थीलाई आर्थिक तथा शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ । उक्त विद्यालयमा एसइइ तयारीमा रहेका ५ जना विद्यार्थीलाई होस्टल खर्च अभावको विद्यालयका प्रधानाध्यापक मिनराज अधिकारीबाट जानकारी प्राप्त भएपछि उक्त सहयोग गरिएको छ ।

जसका लागि मञ्चका पदाधिकारी पूर्णबहादुर शाही (नर्वे) र अञ्जु लम्साल (काठमाडौं) बाट १६-१६ हजार, राजेश घले (हङकङ) बाट आठ हजार सहयोग भएको थियो । सोही अवसरमा पूर्णबहादुर शाहीबाट ५ जना विद्यार्थीलाई शैक्षिक सामग्रीसमेत वितरण गरिएको थियो । सहयोग ग्रहणपछि विद्यालयका प्रधानाध्यापक अधिकारीले मञ्चको सहयोगप्रति आभारसहित धन्यवाद ज्ञापन गरे ।

कार्यक्रमका व्यवस्थापक सुशील श्रेष्ठले मञ्चका सचिव पुष्पराज अधिकारीको संयोजकत्वमा मञ्चले दुर्घटनामा परेका घाचोक निवासी क्षितिज नेपालीका लागि रु ३२ हजार ५ सय ५५ सहयोग हस्तान्तरण गरेको जानकारीसमेत गराएका थिए । प्रदीप क्षत्रीको सभापतित्वमा सम्पन्न कार्यक्रममा मञ्चका पदाधिकारी भुपेन्द्र सुनार, दिलिप रानाभाट, गोमा घले, राजु परियार, रूपा अधिकारी, देवी तिवारीले कार्यक्रम व्यवस्थापनमा सहजीकरण गरेका थिए ।



# समुदायमा कांग्रेस अभियान माघ १३ गतेदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

नेपाली कांग्रेसले यही माघ १३ देखि २६ गतेसम्म 'समुदायमा कांग्रेस' अभियान सञ्चालन गर्ने भएको छ ।

अभियानअन्तर्गत समुदायमा पुगेर जनताका अपेक्षा, सुझाव र गुनासा सुन्ने, स्थानीयस्तरमा सेवा प्रवाहको अवस्था, विकास निर्माण र समुदायमा भएका असल अभ्यासको अवलोकन गरिने पार्टी कार्यालयले जनाएको छ । जनताबाट आएका सुझावलाई तत् तत् तहमा कार्यान्वयनका लागि पहलकदमी लिने तथा महासमिति बैठकलगायत पार्टीको नीति निर्माणका क्रममा नीतिगत मार्गदर्शनका रूपमा लिने अभियानको उद्देश्य रहेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । उक्त अभियानका लागि जिल्लास्तरमा केन्द्रीय प्रतिनिधि खटिइसक्नुभएको र केन्द्रीय प्रतिनिधिसँग समन्वय गरी जिल्ला कार्यसमितिबाट माघ १५ गतेसम्ममा सबै छ हजार सात सय ४३ वटै वडामा प्रतिनिधि खटिनुहुने उहाँले बताउनुभयो । केन्द्रीय पदाधिकारीहरू अभियानमा विभिन्न स्थानमा सहभागी हुनुहुने यो अभियान मूलतः वडा केन्द्रित रहने पार्टी कार्यालयले जनाएको छ । जनताका कुरा सुन्ने अभियान भएको हुँदा औपचारिक आसन ग्रहण र मन्तव्यलगायत कार्यक्रम रहने छैनन् । माघ १६ गते शहीद दिवसका दिन विशेष कार्यक्रमसहित अभियानको पहिलो चरण प्रारम्भ हुनेछ । उक्त दिन छ हजार सात सय ४३ वडामा मात्र कार्यक्रम हुनेछ ।

# गृहमन्त्री श्रेष्ठद्वारा भवन उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले कास्की जिल्लामा नवनिर्मित प्रमुख जिल्ला अधिकारीको सरकारी निवास उद्घाटन गर्नुभएको छ ।

पोखराको सहिद चोकमा निर्मित भवनको सन् २०२२ मे २ मा निर्माण सम्झौता भएकामा सन् २०२३ जुलाई १५ मा सम्पन्न भएको थियो । कुल रु दुई करोड ३१ लाख ५४ हजार नौ सय ३४ मा निर्माण सम्झौता भएकामा यसको अन्तिम लागत रु दुई करोड ३३ लाख ६५ हजार एक सय ७२ रहेको छ । त्यस अवसरमा उपप्रधानमन्त्री श्रेष्ठले जनताले अनुभूति गर्नेगरी सुशासनको प्रत्याभूति गराउनेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो ।



# अन्तर्राष्ट्रिय सहकार्य बढाउँदै गण्डकी विश्वविद्यालय

**पोखरापत्र संवाददाता**
पोखरा, ११ माघ

स्थापनाको छोटो समयमा नै गण्डकी विश्वविद्यालयले विश्वका विभिन्न प्राज्ञिक संस्थासँग सम्बन्ध विस्तार गरेको छ ।

विश्वविद्यालयले विश्वव्यापी साझेदारीलाई बढावा दिन विश्वभरका २८ प्रतिष्ठित विश्वविद्यालय र संस्थासँग समझदारीपत्रमा हस्ताक्षर गरेको छ । विभिन्न १२ देशका सम्मानित संस्थाहरूसँग सहकार्य गरी विभिन्न परियोजनाहरू र शैक्षिक कार्यक्रमहरूको विकास गर्ने प्रतिबद्धता विश्वविद्यालयले गरेको विश्वविद्यालयका रजिष्ट्रार डा.कैलाश तिमिल्सिनाले जानकारी दिनुभयो । अमेरिकाको क्यालिफोर्निया स्टेट युनिभर्सिटी, युनिभर्सिटी अफ सेन्ट्रल मिसौरी, र विलियम एण्ड मेरी तथा बेलायतको रोयल होलोवे, युनिभर्सिटीअफ लन्डनका साथै कोरियाको इन्हा विश्वविद्यालय र येउङ्नाम विश्वविद्यालयलगायत विश्वप्रख्यात विश्वविद्यालयहरूसँग यसबीचमा साझेदारी गरिसकिएको उहाँले बताउनुभयो । टर्कीको ओन्डोकुज मेइस विश्वविद्यालय, फिलिपिन्सको सेन्ट्रल लुजोन स्टेट युनिभर्सिटी, थाइल्याण्डको माथेरथ विश्वविद्यालय र भारतको दीन दयाल उपाध्याय गोरखपुर विश्वविद्यालयसँग सम्झौता गरिएको उहाँले बताउनुभयो । गण्डकी विश्वविद्यालयको अन्तर र्ाष्ट्रिय क्षेत्रमा सहकार्य थप फराकिलो हुदै गएको बताउँदै उहाँले अनुसन्धान, पाठ्यक्रम विकास, विद्यार्थी आदानप्रदान कार्यक्रमहरू र क्रेडिट ट्रान्सफर जस्ता विषय सम्झौतामा संलग्न रहेको बताउनुभयो । गण्डकी विश्वविद्यालय, विआइटी कार्यक्रमको पाठ्यक्रम र युनिभर्सिटी अफ सेन्ट्रल मिसौरीको आईटी कार्यक्रमका पाठ्यक्रमहरू एक अर्कासँग समायोजन गरि क्रेडिट ट्रान्सफर गर्न सकिने सम्झौता गरिएको छ । अमेरिकी विश्वविद्यालयहरूसँगकोसम्झौताले गण्डकी विश्वविद्यालयबाट उत्तीर्ण हुने विद्यार्थीका लागि छात्रवृत्तिको र इन-स्टेट ट्यूसनफीको अवसर प्रदान गरेको जनाइएको छ । रोस्किल्ड विश्वविद्यालय, डेनमार्कको नेतृत्वमा र डेनिस स्वतन्त्र अनुसन्धान परिषद्को सहयोगको गोग्रीन अनुसन्धान परियोजनामा गण्डकी विश्वविद्यालयले प्रतिनिधित्व जनाउदै आएको छ । गोग्रीन अनुसन्धान परियोजना विश्वभरका २८ देशका अनुसन्धान साझेदार हरूसँगै गरिने परियोजना हो । विश्वविद्यालयले विलियमर मेर ीसँग सिमसार संरक्षण र सामुदायिक सशक्तिकरण तथा हिप्सुंग विश्वविद्यालयसँग आइटी व्यावसायिक शिक्षा र यूनिभर्सिटी अफ इस्टर्न फिनल्याण्डसँग प्राकृतिक रेशामा आधारित हस्तकला क्षेत्रको विकासका लागि प्रभावकारी परियोजना साझेदारी गर्ने तयारी गरेको विश्वविद्यालयको अन्तराष्ट्रिय सम्बन्ध तथा विकास मामिला शाखाका प्रमुख रवि भण्डारीले राससलाई जानकारी दिनुभयो ।

# गठबन्धनका ...

दुवै तहका गरी जनप्रतिनिधिको कुल मतभार ६ हजार ४ सय १० हुन आउँछ । गण्डकीबाट राष्ट्रिय सभाका अध्यक्षसमेत रहेका नेकपा (एमाले) का गणेशप्रसाद तिमिल्सिना, एमालेकै दीपा गुरुङ र नेपाली कांग्रेसका प्रकाश पन्थको कार्यकाल आगामी २० फागुनमा सकिँदैछ ।


यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दुई पदमा अन्य समूहमा कास्कीका रोमबहादुर भण्डारी र महिलामा तनहुँकी गौमाया श्रेष्ठ उम्मेदवारी दिएका थिए । भण्डारी र श्रेष्ठले समान १ सय ६ मतभार प्राप्त गरे । यसैबिच नेपाल सरकारका उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले निर्वाचनको निरिक्षण गरेका थिए । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, प्रदेशका मन्त्री, सांसद तथा विभिन्न पालिकाका प्रमुख तथा उपप्रमुख एवं नेताहरुसंग भेटघाट समेत गरेका थिए ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लियेरोई

## सम्पादकीय

# राष्ट्रिय सभा निर्वाचनले दलीय स्थान फेरियो

राष्ट्रियसभामा बिहीबार १९ जना नयाँ सदस्य निर्वाचित भएका छन् । ५१ प्रतिष्पर्धीबाट १९ जना चुनिएका छन । २०८० फागुन फागुन २१ गतेबाट एक मनोनीतसहित २० सदस्यको पदावधि सकिन लागेपछि बिहीबार निर्वाचन भएको हो । जसमा एमालेबाट एक मनोनीतसहित ९, कांग्रेसका ४, माओवादीका ३, एकीकृत समाजवादीबाट दुई, जसपा एक र स्वतन्त्र एकको पदावधि फागुन २१ बाट सकिँदैछ । त्यही स्थानमा बिहीबार कोसीमा दुई, मधेसमा दुई, वाग्मतीमा चार पदमा निर्वाचन भयो । त्यस्तै,गण्डकीमा तीन, लुम्बिनीमा दुई, कर्णालीमा तीन र सुदूरपश्चिम प्रदेशमा तीन पदका निम्ति चुनाव भएको हो । जसबाट हाल सत्तामा रहेको गठबन्धनका उमेदवार १८ सिटमा निर्वाचित भए भने एक सिटमा भने प्रतिपक्षी नेकपा (एमाले) निर्वाचित भएको छ । नेपाली कांग्रेसले १०, नेकपा (माओवादी केन्द्र) ले पाँच, नेकपा (एकीकृत समाजवादी) ले दुई र जनता समाजवादी पार्टी (जसपा) ले एक र नेकपा एमालेले एक सिट जितेको छ । कोसी प्रदेशमा गठबन्धनका दुई उमेदवारमध्ये एक जनामात्रै निर्वाचित भए । अन्यमा कांग्रेसका कृष्ण सिटौला निर्वाचित भएका छन् । महिलामा एमालेकी रूक्मिणी कोइराला विजयी भइन् । उनले सत्ता गठबन्धनको तर्फबाट उमेदवार बनेकी चम्पादेवी कार्की पराजित भइन् ।

मधेसबाट महिला कोटामा जसपाकी पूजा चौधरी र अन्यमा कांग्रेसका आनन्द ढुंगाना निर्वाचित भएका छन् । वाग्मतीमा कांग्रेसबाट महिलातर्फ विष्णुदेवी पुडासैनी र अन्यमा जीतजंग बस्नेत चुनिए । माओवादी केन्द्रबाट अपाङ्गतातर्फ श्रीकृष्ण अधिकारी र दलिततर्फ नेकपा (एकीकृत समाजवादी)बाट घनश्याम रिजाल विजयी भए । गण्डकी प्रदेशबाट महिलातर्फ माओवादीकी मनरूपा शर्मा, अपाङ्गगता र अल्पसंख्यक क्लस्टरमा कांग्रेसका पदमबहादुर परियार र अन्यमा किरणबाबु श्रेष्ठ निर्वाचित भएका छन् । लुम्बिनीमा महिला क्लष्टरमा कांग्रेसबाट विष्णुकुमारी सापकोटा र अन्यतर्फ माओवादीका झक्कुप्रसाद सुवेदी निर्वाचित भए । कर्णालीमा महिलातर्फ एकीकृत समाजवादीकी सावित्री मल्ल, दलिततर्फ माओवादीका विष्णुबहादुर विश्वकर्मा र नेपाली कांग्रेसका कृष्णबहादुर रोकाय निर्वाचित भए । सुदूरपश्चिममा कांग्रेसका बलदेव बोहोरा र नारायणदत्त तथा माओवादीका रेणु चन्द निर्वाचित भएका छन । अब फागुन २१ गतेबाट राष्ट्रियसभामा दलीय हैसियत हेरफेर हुनेछ । माओवादी पहिलो, कांग्रेस दोस्रो र एमाले तेस्रो स्थानमा पुग्नेछ । माओवादी मनोनीत र राष्ट्रियसभा उपाध्यक्षसहित १८ सदस्यसहित पहिलो दल हुनेछ । कांग्रेस १६ सिटसहित दोस्रो दल हुनेछ । एमाले १० सिटसहित तेस्रो दलको रुपमा बन्नेछ । त्यसरी नै एकीकृत समाजवादी ८ सिटसहित चौथो हुनेछ ।

जसपा ३, लोसपा १, राष्ट्रिय जनमोर्चा १ सदस्य हुनेछन् । एकजना राष्ट्रपतिबाट मनोनीत वामदेव गौतम रहेका छन् । सत्ता गठबन्धनले बाँकी रहेको मनोनीत जनमोर्चालाई दिए उसको दुई सिट हुनेछ । यसरी राष्ट्रियसभामा सात दल कायम रहने देखिएको छ । राष्ट्रियसभाको ६ वर्षे कार्यकालमा दलहरूबीच एकता, विभाजन र गठबन्धनले हैसियत फेरिएको छ । राष्ट्रियसभाको पहिलो निर्वाचन २०७४ फागुन २४ गते भएको थियो । राष्ट्रियसभामा पाँच दलको प्रतिनिधित्व भयो । जसमा पहिलो दल एमाले बन्यो । एमालेबाट २९ सदस्य निर्वाचित भएका थिए । दोस्रो दल बनेको कांग्रेसबाट १३ सदस्य निर्वाचित भएका थिए । नेकपा एमालेसँग सहकार्य गर्दा पनि तेस्रो दल बनेको माओवादी केन्द्रबाट १० सदस्य निर्वाचित भएका थिए । राष्ट्रिय जनता पार्टी, नेपाल २, संघीय समाजवादी फोरमबाट २ सदस्य निर्वाचित भएका थिए । ०७४ फागुन ८ गते राष्ट्रपतिबाट ३ जना सदस्य मनोनीत भएपछि राष्ट्रियसभा ५९ सदस्यीय बनेको थियो । मनोनीत हुनेमा एमालेबाट युवराज खतिवडा, विमला राई पौडेल थिए भने माओवादीबाट रामनारायण बिडारी थिए । मनोनीतसहित एमाले ३१ र माओवादीले ११ सिट पाएको थियो । राष्ट्रियसभामा गोलाप्रथाबाट सदस्यहरूको कार्यकाल निर्धारण भएको थियो । जसमा २, ४ र ६ वर्ष कार्यकाल तय गरिएको थियो । त्यसबेला राष्ट्रियसभाको निर्वाचन भएको ३ महिनामा नै दलहरूको हैसियत फेरिएको थियो । ०७५ जेठ ३ गते एमाले र माओवादीबीच एकीकरण भयो । एकता भएर बनेको नेकपा मनोनीतसहित ४२ सदस्यीय बन्यो । राष्ट्रियसभामा सबैभन्दा ठूलो दल नेकपा बन्यो । त्यस्तै, ०७६ वैशाख २३ गते संघीय समाजवादी पार्टी फोरम र नयाँ शक्तिबीच एकता भएर समाजवादी पार्टी गठन भयो ।

त्यतिबेला समाजवादी पार्टीसँग राष्ट्रियसभाका एक सदस्य थिए । उक्त पार्टी र राष्ट्रिय जनता पार्टी ०७७ वैशाख ११ गते एकता भयो । दुई बीच एकता भए बनेको जनता समाजवादी पार्टी (जसपा), सँग राष्ट्रियसभामा तीन सदस्य थिए । ०७६ माघ ९ गते राष्ट्रियसभाको दोस्रो निर्वाचन भएको थियो । १९ सदस्य दुई वर्षे कार्यकाल पूरा भएर बिदा भए । जसमा मनोनीत युवराज खतिवडाको पनि कार्यकाल सकिएको थियो । दुई वर्षे कार्यकाल पूरा हुनेमा नेकपाका मनोनीत एकसहित ९, कांग्रेसका ७, राष्ट्रिय जनता पार्टीका २ र समाजवादीका एक जना थिए । १८ स्थानका लागि निर्वाचन भएको थियो । जहाँ नेकपा र राष्ट्रिय जनता पार्टीबीच चुनावी गठबन्धन बनेको थियो । नेकपाले १६ सिट र जसपाले २ सिट जितेको थियो । कांग्रेसले आफ्नै ७ सिट पनि जोगाउन सकेन । नेकपालाई ८ सिट फाइदा भएको थियो ।

दुई वर्ष कार्यकाल पूरा हुँदा नेकपा ४९ सिटको बनेको थियो । ०७७ असोजमा वामदेव गौतम मनोनीत भएपछि नेकपा ५० सदस्यीय बनेको थियो । राष्ट्रियसभामा नेकपा ५० सदस्यीय बन्दा कांग्रेस ६ सिटसहित दोस्रो दल बनेको थियो । त्यस्तै जसपासँग ३ सिट थियो । तर, २०७७ फागुन २३ गते सर्वोच्चको फैसलाले एमाले र माओवादी पूर्ववत अवस्थामा फर्किए । नेकपा विभाजित हुँदा एमाले मनोतीतसहित ३५ सदस्यीय बन्यो । र, माओवादी मनोनीतसहित १५ सदस्य बनेको थियो । कांग्रेस ६ सिटसहित तेस्रो बनेको थियो । जसपासँग ३ सिट थियो । एमाले विभाजनपछि नेकपा एस बनेपछि राष्ट्रिय सभाका सात जना नेकपा एस रोजे।दुई पटक एमाले एक्लै र अरु गठबन्धन गर्दा राष्ट्रिय सभामा काङ्ग्रेस र माओवादी धेरै सिट जितेर दोश्रो र पहिलो दल बनेका छन । गठबन्धन गरेपनि मत क्रस हुनु जनताले गठबन्धन रुचाएका छैनन भन्ने सन्देश हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वस्थ्यमा सुधार | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : झमेला बड्ने |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सम्झनामा कवि एंव सामाजिक व्यक्तित्व ढेवाजू

शोभाकान्त सिग्देल

मणिपाल शिक्षण अस्पताल फूलवारीमा एक हप्ता अगाडि भर्ना हुनु भएको रहेछ बामनप्रसाद ढेवाजू । अस्पतालको बसाई कसलाई आरम दाई हुन्छ र ? एक हप्ताको बसाई पछि श्रीमती मिनालाई भन्नु भएछ ओही शोभाकान्त कतै देख्दीन छिटो बोलाइ देउत ? माङ मिनाले मलाई फोन गर्नु भएछ । मेरो फोन नउठेर पुनः केही मिनेटमा कान्छा छोरा धिरज र बुहारी सोनीलाई पनि वारम्बर त्यो शोभाकान्तलाई फोन हानत भेट्न मन लागेको छ बारम्बर बुवा बामनको प्रश्न थियो । बुवाको प्रश्नलाई स्विकार गर्दै मित्र धिरजको नम्बर मेरो मोवाइलमा आयो । मोवाइल उठाएको के थिएँ ओही बाबा विरामी हुनुहुन्छ, तँलाई भेट्न बोलाउनु भएको छ । फोन आएको दिनभरी रोटरी क्लवको कार्यक्रममा थिएँ तै पनि बामन बुवा बिरामी हुनु भएको दुःखद् खबर सुनेपछि व्याकुल बन्दै राती आठ बजे भएपनि भेट्न मणिपाल अस्पतालतिर पुगें ।

अस्पतालमा मलाई देख्ने वित्तिकै ढेवाजू बुवाको अनुहारमा खुसीको छनक छायो । अस्पतालमा दुई घण्टा बसेर सुख, दुःखको कुरा गरेपछि राति घरतिर फर्किए । दुइदिन पछि पुन भेट्न पुगें । दुई दिन फेरी ग्याप के भएको थियो । रानीपौवा ११ निवासी सिता ढेवाजू सँग पनि शोभाकान्तलाई फोन लागेको छैन् भन्दै कण्ठ नम्बर भन्दै डायल गर्नु भएको सिता भाउजुले भन्नुभयो ।

यसैगरी दिन प्रतिदिन शरीर कमजोर हुँदै गएको थियो बामन बुबाको ।

दुई गते कान्छो छोरा धिरजले बाबालाई आइसियुमा राखेको खवर सुनाए । तीन गते विहानै अस्पताल पुगीयो तर भेट्न पाइएन् । चार गते बेलुका ७ बजेर ४५ मिनेट जाँदा ढेवाजु वुवाले सबैलाई रुवाएर सधैका लागि संसार छाडेर परलोक हुनु भएछ । यता मलाई कवि बामन सँग जीवनमा गाँसीएका हरेक क्षण पल पलमा नदि झैं बग्न थाल्यो । मलाई मात्र हैन धेरैको आँखामा राखे पनि नविझाउने एउटा व्यक्ति हुनुहुन्थ्यो कवि बामन । यी सवै कुरा पाँचौ दिनमा प्रकाशन गर्ने सोच थियो तर टाइप गर्न बस्यो धेरै कुरा खेल्यो बाक्य पुरा गर्न सकिन । तै पनि पत्रकारिताको धर्म मेरो कर्म बुवाको वारेमा केही कोर्न जसरी पनि पर्छ भनेर आठौ दिन सम्म मन बाँधेर भएपनि टाइप गरें । यसको पछाडि बुवाको दुई छोरा भएपनि मलाई पनि छोरा सरहको मायाले गर्दा हो । स्कूले जीवनदेखी मायाको पोक सँगै नेवारी खाजाको स्वागतमा बामन बुबाको घरमा हुर्कने बातवरण बनेको थियो । किनकी कान्छो छोरा सँग एक कक्षा देखी विए अध्ययनसम्म सँग थियौं । उहाँ मलाई मात्र हैन म जस्ता धेरै छोरा छोरीका प्रिय पात्र हुनुहुन्थ्यो । बामन बुबाले आफ्नो कान्छो भाइको छोरा विबेकलाई हरेक दिन एक रुपैयाँ दिनुहुन्थ्यो । जुना छोरालाई मैले अझै पनि एक रुपैयाँ बाबु भनेर सम्बोधन गर्दा मुसुक्क हाँस्छन बिवेक । दानविर मात्र नभै बामन बुवा पाँच महिना पहिला म अप्रेशन गरेर घरमा आएको थिएँ, थाहा पाएको भोलिपल्ट भरीलो झोला बोकी शोभाकान्त भन्दै शिर नजिकै बसी जीवन बारे चर्चा गर्नु भयो । यी वाहेक पत्रकारिताको धेरै विषयमा मलाई सम्झाउने गुरु पनि हुनुहुन्थ्यो । उनै गुरु बामनले मृत्युको वारेमा धेरै भेटमा छलफल हुन्थ्यो । त्यसैले जीवनमा मृत्यु एक सत्य हो, जसको आउने न कुनै समय हुन्छ, न त कुनै संकेत नै यो त जुनसुकै बेला जोसुकै माथि जहाँसुकै पनि हुन सक्छ । घरबाट निस्कँदा, शुभ कार्य होस, अन्य कुनै पनि कार्यमा व्यस्त भए पनि अथवा अन्य कुनै रोग र बिरामीको कारणले होस् श्वास फेरीरहेको जीवनमा मृत्युले छोप्छ । यी त सवै मृत्युका बहाना मात्र हुन् । मृत्यु त्यो सत्य जुन अकाट्य र अवस्यम्भावी छ ।



*नवौं दिनको पुण्य तिथिको सन्दर्भमा*

मृत्युको वारेमा लेखनाथकै कवि शिरोमणि लेखनाथ पौडेलले व्यक्त गरेका छन् । 'आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो, इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो।' मानव धर्तीमा आगमन सँगै हजुर जता जानुहुन्छ त्यतै तपाईंसँग अगाडि हिड्ने । जन्म पछि आवजसँगै चलायमन हुन थाल्छ दुई हात । एक हातमा पाँच औला । एउटा हातको एउटा औलाको अभावमा कति असर पर्छ त्यही आत्मरुपी हातलाई मात्र थाह हुन्छ । कवि बामन बुवाका हाताले पनि एक सय भन्दा बढि कविता कोरीसक्नु भएको छ । हरेक बैठक र शुभकार्यमा बुवाले कविता वाचन पछि कार्यक्रम शुरु हुन्थ्यो । हरेका शुभचिन्तक तथा परिवारमा भएको दुःख सुखका सवै भन्दा पहिला पाइला टेक्ने व्यत्ति हुन् कवि बामन । उनै बामन बुवा र माङ मिना अमात्य ढेवाजुको ५० औं बैवाहिक उत्सवको पावन अवसरमा सिमलको भुवा नामक कविता संग्रहको २०७८ फागुन २८ गते शनिवार लोकार्पण भएको थियो । मान्छेको भिड भयो कि अनुमति लिने कविता वाचन गर्ने बानि थियो कवि बामनको । सामाजिक सेवामा चुर्लुम्ब डुब्नु भएको कवि बामन भद्रकाली माध्यमिक विद्यालयका जग्गादाता परिवारका सदस्य तथा वर्तमान विद्यालय व्यवस्थापन समितिका सदस्य, भद्रकाली माध्यामिक विद्यालयमा नवनिर्मित मूल गेट निर्माण समितिका संयोजक तथा साहित्यानुरागी व्यक्तित्व ढेवाजूको पोखरापत्र दैनिकमा ५० भन्दा बढि कविता प्रकाशन भएका छन् । त्यसैगरी भद्रकाली वहुमखी क्याम्पसका संस्थापक सिनेटर एवं क्याम्पस संचालन समितिका पूर्व सदस्य कवि ढेवाजू विभिन्न धार्मिक तथा सामाजिक संस्थाहरुमा आबद्ध थिए । साहित्य क्षेत्रमा समेत संलग्न ढेवाजुले २०२८ सालमा ललितपुर मंगलबजार निवासी मिना अमात्य संग विवाह भएको थियो । ढेवाजू भद्रकाली मन्दिर परिसरमा रहेको मुख्य मन्दिर भद्रकाली माताको मन्दिर निर्माण सहित गुठी खेत जग्गा दाता ढेवाजू परिवार गौडाकोमुख पोखरा १३ का वरिष्ठ सदस्य तथा भद्रकाली मन्दिर सेवा समितिका पदेन सम्मानित सदस्य हुन् । बालगोपाल भजन किर्तन सेवा समितिका संस्थापक उनी उपाध्यक्ष थिए । भीमसेन सिं गुठीमा संलग्न उनी जीवनभर सामाजिक परिवर्तनका लागि क्रियाशील रहे । गणेश तथा भद्रकाली मन्दिर फेदीमा रहेको गुठीको जमिन संरक्षणमा उनले सक्रिय भूमिका निर्वाह गरेका थिए । २००९ कात्तिक २ गते लक्ष्मीपूजाका दिन जन्मनु भएको हो । उहाँ मात्र समाजमा असल पात्र नभै उहाँको श्रीमती मिना पनि घरमा पाइला टेक्यो कि बाबु के खान्छौ, केही त खानै पर्दछ भन्दै अन्त्यमा फलफूल भए पनि हातमा दिइ पठाउने गुण छ । जेठा छोरा निरज बुहारी रन्जु र दुई नातिनी पनि सामाजिक भावानाले ओतप्रोत हुनुहुन्छ । उहाँको घरमा पनि पाइला टेक्न पाएको छैन आउनुहोस भन्दै चिसो तातोले स्वागत गर्नुहुन्छ । उता कान्छा छोरा बुहारी धिरज र सोनी पनि सामाजिक सेवामा चुर्लुम्ब डुवी विभिन्न संघ संस्थामा पनि सक्रिय हुनुहुन्छ ।

रोटरी क्लव अफ पोखरा मिडटाउनका अध्यक्ष सोनी पोखरादेखी केन्द्रसम्म सवैको लोकप्रिय हुनुहुन्छ । उहाँका छोरा छोरीले पनि समाजमा आ-आफ्नो प्रतिभा प्रष्फुटन गरिरहेका छन् । कवि वामनका सवै नाति नातिनीको सम्बोदनले म मामाको सम्बोधनमा बाँधिएको छु किनकी धिरजको छोरी र मेरी भान्जी २०६१ साल वैशाख पुर्णिमा पासा लागएका छन् । त्यसैले सवैको माया मै माथि खनिएको छ । उता छोरी पुष्पाको परिवार बाबाको प्रभावले होला सदैव हँसीलो रुपमा सामाजिक कार्यममा अगाडि हुनुहुन्छ । उहँको परिवार सँग गाँसिनु भएको ढेवाजू परिवार लगायत सम्पूर्ण इष्टमित्र मनका धनि हुनुहुन्छ । अन्तमा स्व. कवि बामनको असामयिक निधन भएको पीडादायी क्षणमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै दुःखको यस घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछु ।

# मनाङको तापक्रम माइनस २२ डिग्री सेल्सियस

पोखरापत्र संवाददाता

मनाङ, ११ माघ

हिमाली जिल्ला मनाङको तापक्रम दैनिकरूपमा घट्दै गएको छ । माघ लागेसँगै यहाँको तापक्रम घटेर माइनस २२ डिग्री पुगेको छ । दिउँसोको समयमा नै यहाँको तापक्रम माइनस १२ पुग्दछ । हिमपात कम भए पनि चिसो अत्यधिक बढेको छ ।

प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेका अनुसार मनाङमा माघ लागेसँगै तापक्रम घट्दै गएको हो । हिमपात कम भए पनि यहाँको तापक्रम मापन गर्दा अत्यन्त कम हुँदै गएको उहाँले बताउनुभयो । जसका कारण यहाँको जनजीवन कष्टकर बन्दै गएको उहाँले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी लामिछानेले भन्नुभयो, "चिसोले धारामा पानी जमेको छ । खोलानालामा पूर्णरूपमा पानी जमेको छ । हिउँ कम भए पनि यहाँको चिसोले ग्यास बलेको छैन । सवारीसाधनको आवतजावत न्यून छ । पिउने पानी जोहो गर्नै मुस्किल छ ।" चिसो पनि उसैगरी बढ्दै गएको उहाँले बताउनुभयो । चिसो बढ्दै जाँदा यहाँका पूर्वाधार निर्माण मङ्सिरदेखि नै ठप्प भएको प्रजिअ लामिछानेले जानकारी दिनुभयो ।

मनाङको माथिल्लो क्षेत्रका बासिन्दा अहिले चिसो छल्न बाहिर गएको उहाँले बताउनुभयो । अहिले सुरक्षा निकाय र स्वास्थ्य क्षेत्रबाहेक अन्य सेवा प्रवाहमा समेत सकस भएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अहिले सुरक्षा निकाय र सामान्य सेवाबाहेकका अन्य बन्दजस्तै नै छन् ।"

पहिलो हिमपात हुनासाथ यहाँका शैक्षिक संस्था बन्द भएका छन् । शैक्षिक संस्था बन्द भएपछि यहाँका अधिकांश स्थानीय जाडो छल्न जिल्ला बाहिर गएका छन् । यहाँका स्थानीय लमजुङ, काठमाडौँ, पोखरालगायतका स्थानतर्फ झर्ने क्रम जारी रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । पूर्वाधार कार्यालय मनाङका प्रमुख जय विष्टले भन्नुभयो, "चिसो अत्यधिक छ । त्यसैले सिमेन्टजडित कार्य ठप्प भएको छ । योजनाको नापजाँच, परीक्षणको काम गरिरहेका छौँ । अन्य कार्यालयसम्बन्धी कामलाई प्राथमिकता दिएर नै काम गरिरहेका छौँ ।" विकास निर्माणमा प्रयोग हुने सिमेन्टजन्य काम पूर्णरूपमा रोकिएको छ । चिसोका कारण सिमेन्टसँग सम्बन्धित निर्माणको सेटिङ र हार्डिङ प्रक्रियामा समस्या हुने भएकाले यससम्बन्धी काम बन्द गरिएको विष्टले बताउनुभयो ।

त्यस्तै चिसोका कारण मङ्सिरदेखि नै स्थानीय तल झरेपछि नार्पाभूमि गाउँपालिकामा रहेका दुई प्रहरी चौकी सदरमुकाम सारिएको प्रजिअ लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार नार्पाभूमिका अत्यावश्यक कामकाजका लागि सदरमुकामस्थित चामे गाउँपालिका-३ कोतोमा अस्थायी कार्यालय स्थापना गरी सेवाप्रवाह भइरहेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) एकाइ कार्यालय मनाङका प्रमुख ढकबहादुर भुजेलले चिसोमा पनि न्यून मात्रामा पर्यटकको आगमन भइरहेको बताउनुभयो । सिजनमा भन्दा पर्यटकको आगमन कम भए पनि आउने क्रम जारी रहेको उहाँले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "बाटोमा केही मात्रामा हिउँ छ । हिउँ खेल्दै रमाउँदै पर्यटक थोराङ्ला भञ्ज्याङ, तिलिचो तालतर्फ जाने आउने भइरहेको छ ।" पर्यटकलाई मौसमसम्बन्धी जानकारीका साथै बाटोमा हुनसक्ने जोखिमलाई मध्यनजर गरी यात्रा गर्न सुझाव दिँदै आएको उहाँले बताउनुभयो । मनाङ डिस्याङ गाउँपालिका-५ भ्राकाका किसान सोनाम लामाले धेरैजसो गाउँले तल झरेका छन् । तर हामी घर कुर्ने र चौँरी हेर्न यहीँ बसेका बताउनुभयो । उहाँले भन्नुभयो, "चिसोमा माउ चौँरी र युवावस्थाका चौँरीलाई खुवाउन बचाउन सजिलै हुन्छ । तर चिसोमा बच्चालाई जोगाउनै मुस्किल हुन्छ । ठूला पशुचौपायले पानी, घाँस आफैँ खोज्न सक्छन् । बच्चालेसक्दैनन् । जाडोमा यिनीहरूलाई ध्यान दिनुपर्छ ।" "लामो समयसम्म हिमपात भयो भने अलिअलि जम्मा गरेर राखेको घाँस सकिन्छ । खान नपाई दुब्लाएर मर्ने गर्छ । जाडो भइरहेका बेला बच्चालाई भने गोठ बनाएर राखिन्छ । हिउँ बढी परे पनि ठूला भएका चौपायलाई हिउँमै छाड्नुपर्छ । जाडोमा घाँस कम हुँदा दुध पनि कम हुने हुँदा बच्चालाई मात्र ठिक्क हुन्छ । हामीले यो समयमा दूध दुहुदैनौँ", उहाँले भन्नुभयो, "लेकका खर्कबाट गाउँघर नजिक चौँरी ल्याइन्छ । नावर पनि चौँरीसँगै अलि तल नै झर्छन् । जसले गर्दा हिउँ चितुवा पनि चौपाय नजिकै आहाराका लागि आउने गर्दछन् । यसबाट जोगाउनकै लागि हामी यहाँ बस्नुपर्ने भएको हो ।"

यहाँ फागुनको पहिलो सातादेखि खेतीपातीको समय सुरु हुन्छ । जसले गर्दा बैंसीमा झारिएका गोठ लेकका खर्कतर्फ लैजाने गरिन्छ । हाल जिल्लाभर चार हजार तीन सय ९७ चौँरी रहेको भेटेरेनरी अस्पताल तथा विज्ञ केन्द्रका प्रमुख नरेन्द्र राईले जानकारी दिनुभयो । जाडो कम हुँदै गएपछि यहाँका स्थानीय पनि जिल्ला फर्कन थाल्दछन् ।

# हिमपात र वर्षाले खुसी भए किसान

पोखरापत्र संवाददाता

म्याग्दी, ११ माघ

म्याग्दीमा हिमपात र वर्षा भएपछि किसानहरूमा खुसीयाली छाएको छ । बुधबार यस वर्षको हिउँदयाममा पहिलोपटक वर्षा र हिमपात भएको हो । लामो समयदेखि वर्षा नहुँदा गहुँ, जौँ, आलुलगायत हिउँदेबालीमा सिँचाइ गर्न नपाएका किसान तल्लो भेगमा वर्षा र माथिल्लो भेगमा हिमपात भएपछि खुसी भएका हुन् ।

गहुँ, जौँ, आलुलगायतका हिउँदेबाली पानी नभएर सुक्न थालेको अवस्थामा पानी परेपछि राहत भएको रघुगङ्गा गाउँपालिका-३ का किसान तुलबहादुर केसीले बताउनुभयो । "खेतबारीको हिउँदेबाली पानी नपाएर सुक्ने डर थियो, ढिला भए पनि वर्षा भयो राम्रो भयो", उहाँले भन्नुभयो । म्याग्दीको उच्च पहाडी क्षेत्रमा हिमपात भएको छ । गुर्जा, लुलाङ, मल्कबाङ, कुइनेमङ्गले, चिमखोला, ठाडाखानी, कुइनेखानी, नाँगी, शिखलगायतका बस्तीमा हिमपात भएको छ ।

जिल्लाको मुख्य पर्यटकीयस्थल पुनहिल, घोडेपानी, खोप्रा, खयरलेक, मोहरेडाँडा, टोड्के, गाम्फाधुरी, भेडिओढारलगायतका ठाउँमा समेत हिमपात भएको छ । पर्यटकीयस्थलमा यो यामको पहिलो हिमपात भएपछि पर्यटक हिउँमा रमाइरहेका छन् । यस वर्षको पहिलो हिमपात भएकाले यसले हिउँदे खेतीबालीमा किसानलाई राहत भएको धवलागिरि गाउँपालिका-५ मल्कबाङका वडाध्यक्ष अमर छन्त्यालले बताउनुभयो ।

# एउटै गाउँबाट रु ११ करोडका सुन्तला बिक्री

**पोखरापत्र संवाददाता**
पर्वत, ११ माघ

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले रैथाने जातको मान्यता प्रदान गरेको पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कमा उत्पादित सुन्तला मुग्लिन र काठमाडौँको कालीमाटी बजारमा पठाइएको छ।

अन्यत्र सुन्तलाको सिजन सकिने बेला भइसक्दा यहाँका सुन्तला भने बल्ल बजार पठाउन थालिएको हो । यस वर्ष सुन्तला खरिद गर्न काठमाडौँको कालीमाटी, मुग्लिन, धादिङ तथा नारायणगढका व्यवसायी बाँसखर्कका सुन्तला बगानमा आइपुगेका छन् ।

कतिपय व्यवासयीले थोरै मात्रामा सुन्तला ढुवानी गर्न थालेका छन् भने कतिपय व्यवसायीले किसानसँग सम्झौता गरे पनि सुन्तला टिप्न आइनपुगेको सबैभन्दा बढी सुन्तला बिक्री गर्ने किसान जगतबहादुर खत्रीले बताउनुभयो । बोटमा फल लामो समयसम्म राख्दा अर्को वर्ष कम उत्पादन हुने भएकाले माघभित्रै फल टिपेर लैजान व्यवसायीलाई किसानले आग्रह गरेका छन् । गत वर्ष रु १५ करोड भित्र्याएका यहाँका किसानले यस वर्ष भने उत्पादन घटेको बताएका छन् । यस वर्ष रु १० देखि रु ११ करोड आम्दानी हुने अनुमान गरिएको अगुवा किसान खत्रीले बताउनुभयो । गण्डकी प्रदेशकै स्वादिलो सुन्तला उत्पादन हुने वाँसखर्कमा ढिलोगरी सुन्तला पाक्ने भएकाले मूल्यसमेत महँगोमा बिक्री हुने गर्दछ । यहाँका किसानले गत वर्ष बोटबाटै प्रतिकेजी रु एक सय ७० मा बिक्री गरेका थिए भने यस वर्ष रु एक सय ८० मा बिक्री गर्ने तयारी गरेका छन् । गत वर्ष सुन्तलाको फल लाग्ने बेला फागुन १५ गते परेको असिनापानीका कारण उत्पादन घटेको किसान खत्रीले बताउनुभयो । खत्रीले गत वर्ष सुन्तला बिक्रीबाट रु ३२ लाख आम्दानी गर्नुभएको थियो । उहाँका तीन सय बोटमा सुन्तला फल्ने गर्दछन् । त्यसैगरी भक्तबहादुर पाइजाले रु २२ लाख र अर्का किसान हेमकुमार अर्मजाले रु २७ लाखको सुन्तला बिक्री गर्नुभएको थियो । व्यावसायिकरूपमा सुन्तलाखेती गर्दै आएका यहाँका दुई सयभन्दा बढी परिवारले सुन्तलालाई मुख्य पेसा बनाएका छन् । स्थानीय बजारमारे सुन्तला उत्पादन सहकारी संस्थामा आबद्ध किसानले मकै, कोदोलगायतका बालीनाली लगाउन छाडेर सुन्तलाखेती विस्तार गरेका छन् । सहकारीका अध्यक्षसमेत रहनुभएका किसान खत्रीले ढिलो गरी पाक्ने र स्वादिलो हुने भएकाले यहाँको सुन्तलाको माग बढी हुने गरेको सुनाउनुभयो । बाँसखर्कमा अन्य खाद्यान्न र फलफूल उत्पादन हुँदैन । किसानले धान, कोदो र मकैभन्दा सुन्तलाखेतीले फाइदा हुने भएपछि सुन्तलालाई मुख्य आम्दानीका रूपमा लिँदै आएका छन् ।

“यहाँका किसानले न्यूनतम रु पाँच लाखभन्दा थोरै कमाउने कुनै घरै छैनन्”, अध्यक्ष खत्रीले भन्नुभयो, सबैभन्दा बढी आम्दानी आफूले गर्ने गरेको बताउनुभयो । सुन्तलाकै कमाइले बजारमा घरघडेरी नजोडेका निकै कम छन् । उहाँका अनुसार घरको आँगनसमेत सुन्तलाका बोटले ढाकिएको छ । सुन्तलाको व्यवस्थित बजारीकरण गर्न किसानकै अग्रसरतामा विगत पाँच वर्षअघि रु ६७ लाख खर्चिएर शीतभण्डार केन्द्र सञ्चालन गरिएको छ । तर बोटमै सन्तोषजनक मूल्य पाएपछि शीतभण्डारमा भण्डारण गर्न किसानले चासो देखाउँदैनन् । केही किसानले भेन ग्रेडिङ गरेर बाँकी रहेका सुन्तला शीतभण्डारमा राखेर बेसिजनमा बिक्री गर्ने गरेको स्थानीय कल्पना खत्रीले बताउनुभयो । सुन्तलाका लागि उपयुक्त क्षेत्र भएकाले बाँसखर्कमा बर्सेनि क्षेत्रफल विस्तार हुँदै आएको छ । यहाँका दुई सयभन्दा बढी परिवार सुन्तलाखेतीमा आबद्ध भएको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ । कृषि ज्ञान केन्द्र पर्वतका बागवानी विकास अधिकृत शङ्कर पौडेलले बोटमा लामो समय फल राख्दा अर्को वर्षको उत्पादनमा कमी आउने बताउनुभयो । बाँसखर्कमा पनि गत वर्ष अत्यधिक फलेका कारण यस वर्ष केही कम भएको बताउँदै समग्र जिल्लाभरमा भने उत्पादनमा असर नगरेको बताउनुभयो ।

# सामाजिक सुरक्षा भत्ता गाउँगाउँमै वितरण

**पोखरापत्र संवाददाता**
दमौली, ११ माघ

तनहुँको आँबुखैरेनी गाउँपालिकाले ज्येष्ठ नागरिकको सहजताका लागि टोलमै पुगेर भत्ता वितरण गरेको छ । गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/०८१ को दोस्रो चौमासिकबापतको सामाजिक सुरक्षा भत्ता टोलमै पुगेर वितरण गरेको हो ।

ज्येष्ठ नागरिकलाई बजारसम्म झरेर बैंकमा लाइन बसेर भत्ता लिन असहज हुने भएकाले पालिकाले गत वर्षदेखि नै टोलमै पुगेर भत्ता वितरण गर्ने अभियान सुरु गरेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । उहाँले भन्नुभयो, “हामी जनताको सेवाका लागि आएका हौँ । जसरी सहज हुन्छ त्यसरी नै जनताको सेवामा समर्पित हुने प्रयास गर्दैछौँ ।” गाउँपालिकाले वडा नम्बर १ को देवीडाँडा आमा समूह भवन र चन्द्रोदय माविबाट भत्ता वितरण गरिसकेको छ । त्यस्तै अशक्त व्यक्तिलाई भने घरमै पुगेर भत्ता वितरण गरिने गाउँपालिकाले जनाएको छ ।

वडा नम्बर २ को कोटगाउँ, पतेनी, एक्लेफाँट, पौवा, खोलागाउँ, तिलबारी, नयाँगाउँ र डुम्रीखर्क, ढापटार, नारीघाँट, खानीखोला र ढकालटारमा भत्ता वितरण गरिसकिएको छ भने अदुवाखर्क, घोक्रिङ खर्क, सहकारी टोलमा माघ १० गते भत्ता वितरण गरिएको छ ।

वडा नम्बर ३ को आँबुगाउँ, कोटगाउँ, धारापानीमा यही माघ ११ गते भत्ता वितरण गरिनेछ । वडा नम्बर ४ को घ्याङसिङ, भाँगे, लोप्राङ, अक्लाङ, काफलडाँडामा माघ ६ गते, आमडाँडाबेँसी, खस्राङ, पूर्वीबेँसी, दुवाबेँसी, साँखर, बेनीटार, वडा कार्यालय भवनमा माघ ७ गते भत्ता वितरण गरिएको छ । वडा नम्बर ५ को लाब्दी, भेटेसरा, भकुन्डी, वडा कार्यालय भवन, घुमाउने, बरालुङ बेसमा भत्ता वितरण गरिसकिएको छ । वडा नम्बर ६ को हिलेखर्क, पुर्लङ र प्युघरमा टोलमै पुगेर भत्ता वितरण गरिसकिएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । गाउँपालिकाले विभिन्न बैंकमार्फत ६८ वर्षमाथिका ज्येष्ठ नागरिक, ज्येष्ठ नागरिक दलित, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्ग (क) वर्ग, अशक्त अपाङ्ग (ख) वर्ग, पाँच वर्षमुनिका बालबालिकालाई घरदैलोमा पुगी भत्ता वितरण थालेको हो । त्यसका लागि बैङ्कका कर्मचारीलाई पनि घरदैलोमा नै लगिएको छ ।

टोल-टोलमा भत्ता वितरण सुरु गरिएसँगै अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकले गाउँबाट आएर बजारमा रहेको बैंकको ढोकामा घन्टौँ लाइन बसेर सामाजिक सुरक्षा भत्ता लिनुपर्ने बाध्यता हटेको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि.सं. २००९/०७/०२ गते**

**स्वर्गारोहणः**
**वि.स. २०८०/१०/०४ गते**

**स्व. बामनप्रसाद ढेवाजू**

यस धार्मिक संस्था श्री भद्रकाली मन्दिर परिसरमा रहेको मुख्य मन्दिर श्री भद्रकाली माताको मन्दिर निर्माण सहित गुठी खेत जग्गा दाता ढेवाजू परिवार गौंडाकोमुख पोखरा-१३ का वरिष्ठ सदस्य तथा यस मन्दिर सेवा समितिका पदेन सम्मानित सदस्य प्रतिनिधि हामी सबैका आदारणीय व्यक्तित्व समाजसेवी कवि **वामन प्रसाद ढेवाजू** को ७१ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी समिति ज्यादै दुखित छौं । साथै यस धार्मिक क्षेत्रको चौतर्फी विकास र उत्थान सहित गुठी सम्पती संरक्षण अभियानमा उहाँले पुऱ्याउनु भएको अतुलनिय योगदान र सहकार्य सहभागिताको समितिले उच्च सम्मान सहित सधैं सम्झिरहनेछ भन्दै उहाँ दिवंगत हुनु भएको आज ९औं दिनको पुण्य तिथिमा उहाको आत्माको चिरशान्तिको कामना साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । सँगै यस दुखद घडीमा शोकसन्तप्त परिवारजन, भाइबन्धु, इष्टमित्र, संगी साथीभाइ सबैमा धैर्यधारण गर्ने शक्ति श्री भद्रकाली माताले प्रदान गरुन् भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

अन्त्यमा कालीमाताले हामी सबैको कल्याण गरुन् !

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष तथा**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर, पोखरा-१२/१३**